# लेखक/सम्पादक परिचय

**अनुभव अजीत** स्वतन्त्र अनुसन्धानकर्ता हुन्। चलचित्रसम्बन्धी अनुसन्धानमा पनि रुचि राख्ने अजीतले *समावेशीकरण : राजनीतिक दल, राज्य र मिडिया* (२०६५) पुस्तक सम्पादन गरेका छन्।

**अर्जुन पन्थी** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन्। उनले त्रिभुवन विश्वविद्यालयबाट मानवशास्त्र तथा समाजशास्त्रमा स्नातकोत्तर गरेका छन्।

ढाका विश्वविद्यालयबाट पत्रकारिता, मिडिया र सञ्चारमा स्नातकोत्तर गरेका **इन्द्रध्वज क्षेत्री** कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन (सिजेएमसी) मा अध्यापन गर्छन्। उनी समाज विज्ञानसम्बन्धी अनुसन्धान संस्था कुडोस रिसर्चसँग पनि आबद्ध छन्।

**कृष्ण अधिकारी** स्वतन्त्र अनुसन्धानकर्ता हुन्। उनको सह-लेखन र सह-सम्पादनमा नेपाली मिडियासम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशित छन्।

**खगेन्द्र सङ्ग्रौला** लेखक तथा साहित्यकार हुन्। साहित्यिक र समसामयिक विषयका विभिन्न पुस्तकका लेखक सङ्ग्रौलाले लामो समयदेखि नेपाली पत्रपत्रिकाहरूमा स्तम्भ लेख्दैआएका छन्।

*मिडिया अध्ययन* ५: ३५१-३५३  २०६७

**तुलानारायण साह** नेपाल मधेस फाउण्डेसनका अध्यक्ष हुन्। मधेसका विविध आयामबारे अध्ययन अनुसन्धानमा रुचि राख्ने साह यसै विषयमा पत्रपत्रिकामा लेख्ने गर्छन्।

पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर गरेका **दीपकजङ्ग हमाल** ६ वर्षदेखि नेपाल टेलिभिजनमा आबद्ध छन्।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाई**को सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशित छन्।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्राध्यापक **पी खरेल** नेपाल प्रेस इन्स्टिच्यूटका अध्यक्ष पनि हुन्। उनको लेखन, सह-लेखन, सम्पादन र सह-सम्पादनमा सञ्चारसम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशित छन्।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलका सह-सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित विभिन्न पुस्तकहरू प्रकाशित छन्।

मार्टिन चौतारीमा आबद्ध **रमिता महर्जन**ले पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर गर्दैछिन्।

करिब १५ वर्षदेखि बीबीसी नेपाली सेवामा आबद्ध **रवीन्द्र मिश्र** हाल उक्त सेवाका प्रमुख हुन्। उनी समसामयिक सन्दर्भ तथा सार्वजनिक हितबारे पत्रपत्रिकामा लेख्ने गर्छन्।

लामो समय निजामती सेवामा रही काम गरेका **शिव रेग्मी** साहित्यिक इतिहासका अध्येता हुन्। साहित्यसम्बन्धी विभिन्न पुस्तकहरू प्रकाशन गरेका रेग्मीको सह-लेखनमा *नेपालमा आमसञ्चारको विकास* (२०५८) पुस्तक पनि प्रकाशित छ।

**शेखर पराजुली** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा नेपाली मिडियाबारे विभिन्न पुस्तकहरू प्रकाशित छन्।

**श्यामदास वैष्णव**ले रेडियो नेपालमा यसको स्थापनाकालदेखि लगातार १८ वर्ष काम गरेका थिए। त्यहाँ विभिन्न जिम्मेवारी सम्हालेका वैष्णवको रेडियो नाटक लेखनमा निकै महत्वपूर्ण योगदान छ।

**सीके लाल** राजनीतिक विश्लेषक हुन्। *हिमाल साउथएसिएन* मासिक, *नेपाली टाइम्स* साप्ताहिक, *नागरिक* दैनिक र *रिपब्लिका* दैनिकमा उनी नियमित स्तम्भ लेख्छन्।

**हरिकला अधिकारी** *गोरखापत्र* दैनिकमा कार्यरत पत्रकार हुन्। *रेडियोमा महिला बोली : भाषा, संवाद र लैङ्गिक शैली* (२०६५) की लेखक अधिकारीको सह-लेखनमा *सञ्चारकर्मी महिलाको अवस्था* (२०६२) पनि प्रकाशित छ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन्। उनको सह-सम्पादनमा *समावेशी मिडिया* (२०६४) तथा सह-लेखनमा *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* (२०६६) प्रकाशित छन्।




## चौतारी पुस्तक शृङ्खला- ४९

विगत केही वर्षदेखि नेपालमा गणतान्त्रिक राज्य-व्यवस्था, राज्यका अन्य शासकीय स्वरूप, यसैसँग गाँसिएको सङ्घीयताको सवाल, परित्यक्त समुदायको सांस्कृतिक अस्तित्वसहितको राजनीतिक अधिकार तथा सर्वसाधारण नेपालीको जनजीवनका सामाजिक-आर्थिक पक्ष समाज परिवर्तन र राजनीतिक रूपान्तरणको मूल विषयवस्तु बन्दै आएका छन्। यीमध्ये केही विषयले ठोस स्वरूप र आकार ग्रहण गर्दै छन् भने केही सतहमै रुमलिएका, नाराबाजीमा अल्झिएका छन्।

नेपाली सन्दर्भमा कतिपय मुद्दा तथा विषय नितान्त नयाँ हुन्। सङ्घीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार, बहुसंस्कृतिवाद, आदि नेपाली राजनीतिक बहसमा प्रवेश गरेका अत्यन्तै नयाँ विषयहरू हुन्। ती विषयहरूको सही र वस्तुगत बुझाइको लागि व्यापक तथा गहकिलो बहसको खाँचो छ।

संविधानसभामार्फत नयाँ संविधान निर्माण तथा राज्य पुनर्संरचनाको मूल एजेण्डासँग जोडिएका शासन प्रणाली, आर्थिक पूर्वाधार र स्रोत-साधनको बाँडफाँट तथा जातीय, लैङ्गिक, भाषिक र धार्मिक अधिकारलगायतका सवालहरूलाई ठोस खाका दिने उद्देश्य यस पुस्तकको हो।

संविधानसभा भित्र र बाहिर गहकिलो सार्वजनिक बहसको निम्ति यो पुस्तक गतिलो सन्दर्भ सामग्री हुने अपेक्षा गरिएको छ।